नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
कृष्णनगर भन्सार कार्यालय, कृष्णनगर, कपिलवस्तु

उदयसिंह विष्ट
(भन्सार अधिकृत)

## लिलाम विक्रीको सिलवन्दी वोलपत्र आव्हान सम्वन्धी ७ (सात) दिने सूचना

प्रकासित मिति २०७७।११।२६
दोस्रो पटक

यस कार्यालयको मिति २०७६।०६।०८ गते जफत भएका तपसिल वमोजिमका मालवस्तुहरू भन्सार नियमावली २०६४ को नियम ३५(२) अनुसार लिलाम विकीको लागि यो सूचना प्रकाशित गरिएको छ । मालवस्तुहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयको गोप्य सिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम विकी गर्ने भएकोले इच्छुक व्याक्ति, फर्म वा सघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरूका अधिनमा रही आफुले कवोल गरेको रकमको न्युनतम १० प्रतिशतले हुने रकम नेपाल बैंक लिं. कृष्णनगरकमा रहेको यस कार्यालयको धरौटी खाता नं.०१४०१०००००२००९००००१ मा जम्मा गरी सोको सक्कल भौचर वोलपत्र साथ पेश गर्नु पर्नेछ । अन्य व्यहोरा वुझनुपर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयका मुद्दा शाखामा वुझन सकिने छ ।

तपसिल

| सि.न. | मलवस्तुको विवरण | न्युनतम मूल्य | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | Colum shaft Assembly(Steering Rack)-538 pcs,<br>Clutch plate set(Car) Medium size-3562 pcs<br>Clutch plate set(Car) Small size-300 pcs<br>Clutch plate set Heavy-1 pc<br>Pinion Gear(Gear Box)-220 pcs<br>Piston(Medium)-355 pcs | ८१,२६,५५०।०० | २०००।०० | |

शर्तहरु:

१. वोलपत्र सम्वन्धी कायजातहरू खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्वन्धित निकायमा दर्ताभएको प्रमाणपत्र, मु.अ.कर, अन्त:शुल्क दर्ता प्रमाणपत्र तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित रू २,०००।०० (फिर्ता नहुने गरी) वुझाएको आम्दानी रसिद संलग्न गरी यस कार्यालयवाट यो सूचना प्रकासित भएको मितिले ७(सात) दिन भित्र खरिद गर्न सकिने छ ।
२. आफुले खरिदगर्ने वोलपत्र सम्वन्धी कागजातहरू कम्पनी तथा साझेदारी फर्म भए आधिकारीक प्रतिनिधी र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारीक व्यक्तिले सहिछाप गरी सिलवन्दी खाम वाहिर "श्री प्रमुख भन्सार अधिकृत , कृष्णनगर भन्सार कार्यालय, कपिलवस्तु र माथिपट्टी सि.नं., मुद्दा नं.र वोलपत्रदाताको नाम" उल्लेखगरी यो सूचना प्रकासित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र खरिद गरी ७ औं दिन मध्यान १२:०० बजे भित्र कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । यसरी दर्ता हुन आएको वोलपत्र सोही दिन दिउंसो ०२:०० देखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका वोलपत्रदाता आफै वा आधिकारीक प्रतिनिधीको रोहवरमा कृष्णनगर भन्सार कार्यालय, कृष्णनगर कपिलवस्तुमा खोलिने छ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
३. आफुले कवोल गरेको रकमको १० प्रतिशतले हुनआउने धरौटी वापतका रकम कोष तथा लेखानियन्त्रक कार्यालय, तौलिहवा, कपिलवस्तुको नेपाल वैंक लि., कृष्णनगर शाखामा रहेको धरौटी खाता नं. ०१४०१०००००२००९००००१ मा कार्यालय कोड. उल्लेख गरी फर्म र व्यक्तिको नाममा रकम जम्मा गरेको सक्कल भौचर नै संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. आफुले कवोल गरेको मूल्य (मू.अ.कर, अन्त:शुल्क र स्वास्थ्य जोखिम कर वाहेकको रकम) अंक र अक्षर दुवैमा अनिवार्य रूपमा स्पष्ट उल्लेख हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
५. वोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले (सात) दिन भित्र पुरै रकम दाखिला गरी सामान उठाई लैजानु पर्नेछ । धरौटी रकम पछि लेखा शाखाबमट फिर्ता गरिनेछ ।
६. मालसामानको भौतिक अवस्था हेर्न चाहेमा कार्यालय समय भित्र मुद्दाशाखामा सम्पर्क गरी हेर्न सकिने छ । वोलपत्र खरिदगर्नेले मात्र मालसामान हेर्न सक्नेछन ।
७. वोलपत्र सम्वन्धि कागजातहरू खरिद/दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमश: सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

नेपाल सरकार
## अर्थ मन्त्रालय
## भन्सार बिभाग
### कृष्णनगर भन्सार कार्यालय, कृष्णनगर, कपिलवस्तु

उदयसिंह विष्ट
(भन्सार अधिकृत)

८. बोलपत्र भर्दा न्युनतम भन्दा कम रकम कबोल गर्न पाइने छैन र आफले कबोल गरेको मूल्यमा नियमानुसार मू.अ.कर, अन्त:शुल्क र स्वास्थ्य जोखिम कर लाग्ने छ ।

९. यस कार्यालयको नाममा धरौटी रकम जम्मा गर्ने तर बोलपत्र साथ धरौटी भौचर पेश नगर्ने तथा बोलपत्र नै पेश नगर्ने धरौटी माग गर्न आउने फर्म/व्यक्तिको धरौटी रकम फिर्तागर्न कार्यालय बाध्य हुने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. यस सम्बन्धी अन्य कुरा प्रचलित ऐन नियमानुसार हुनेछ ।